# ललितपुर महानगरपालिकाको दोस्रो स्थानीय निर्वाचन पछिको पहिलो नगरसभाका निर्णयहरु :

(२०७९ आषाढ १०)

निर्णय नं. १,

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १९ बमोजिम आव्हान गरिएको ललितपुर महानगरपालिकाको दोस्रो स्थानीय निर्वाचन पछिको पहिलो नगरसभा बैठक आज २०७९ असार १० गते नगर प्रमुख श्री चिरीबाबु महर्जनको अध्यक्षतामा यल दरवार, शंखमुल, ललितपुरमा शुभारम्भ भयो ।

नेपाल सङ्घीय लोकतान्त्रीक गणतन्त्र सम्म आइपुग्दा आफ्नो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति एक मिनेट मौनधारण पश्चात सभाका सचिव श्री गणेश अर्याल द्धारा नगरसभा सञ्चालन (कार्यविधि) सम्बन्धी ऐन २०७५ को दफा १२ बमोजिम बैठकमा पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउनु भयो ।

ललितपुर महानगरपालिकाका उप-प्रमुख श्री मञ्जली शाक्य बज्राचार्यज्यूको स्वागत मन्तव्य पश्चात ललितपुर महानगरपालिकाका प्रमुख एवं नगरसभा अध्यक्ष श्री चिरीबाबु महर्जनज्यूवाट दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन भयो ।

सभाध्यक्षज्यूले पहिलो नगरसभाको पहिलो बैठकको कार्यसूचीको प्रस्तुती पश्चात आ.ब.२०७९/८० का लागि प्रस्तावित वार्षिक नीति तथा रु.६,३५,३५,०३,०००। अक्षेरुपी (छ अरव, पैंतिस करोड, पैतिस लाख, तीन हजार) बराबर वजेट नगरसभा समक्ष प्रस्तुत गर्नु भयो । सभाध्यक्षज्यूको निर्देशन अनुसार प्रस्तावित वार्षिक नीति तथा वजेट र आ.ब. २०७९/८० को आर्थिक विधेयकको मस्यौदा नगरसभा सदस्यहरुलाई वितरण गरियो ।

कार्यसूची बमोजिम नगरसभामा छलफल गर्न अन्य विषय नभएको हुँदा अर्को बैठक २०७९ असार १६ गते विहिवार विहान ८:०० बजेका लागि आव्हान गरी बैठक स्थगित भयो ।

प्रतिलिपि प्रमाणित

(२०७९ आषाढ १६)

निर्णय नं. २,

आज मिति २०७९ असार १६ गते बसेको नगरसभाको बैठकमा कार्यसूचीको रुपमा रहेको नीति तथा बजेट माथिको छलफल प्रारम्भ भयो । आजको बैठकमा ३२ जना नगरसभा सदस्यहरुले नीति तथा बजेटका विषयमा आफ्नो मन्तव्य राख्नु भयो । नगरसभा सदस्यहरुले नीति तथा बजेटका विषयमा सुझाव राख्नुभए पश्चात प्राप्त सुझावहरु औचित्य अनुसार समावेस गरी आगामी आ.ब.को लागि देहाय बमोजिमको नीति तथा बजेट पारित गर्ने प्रस्ताव पारित भयो ।

निर्णय नं.३,

आगामी आर्थिक वर्ष २०७९/८० को लागि नगरसभामा पेश भएको आर्थिक विधेयक, २०७९ छलफलका लागि प्रस्तुत भएपश्चात १० जना नगरसभा सदस्यहरुले आफ्नो मन्तव्य राख्नु भयो । सभाध्यक्षज्यूवाट आगामी आ.ब.०७९/८० का लागि पेश भएको आर्थिक विधेयक, २०७९ पारित गरियोस् भनी राख्नु भएको प्रस्तावमा देहाय बमोजिमको आर्थिक विधेयक, २०७९ पारित भयो ।

**निर्णय नं. ४ ,**

ललितपुर महानगरपालिकाले साविक उप-महानगरपालिका हुँदादेखि नै पर्यटकीय बसपार्कको रुपमा सन्चालन गर्दै आएको महानगरपालिका वडा नं. २०, नःटोल स्थित त्रि-पद्म माध्यमिक विद्यालयको पूर्व तर्फको जग्गा (पलेश्वापुखु) मा पर्यटकीय बसपार्कका लागि टेण्डर प्रकृयावाट भाडामा लगाउने व्यवस्था गरे पश्चात कोभिड १९ का कारण पर्यटन आवागमन करिव बन्द भएको अवस्थाले गर्दा उक्त पर्यटकीय बसपार्क सन्चालकले भाडादर घटाउनका लागि पेश गरेको निवेदन र महानगरपालिका वडा नं. १२, लगनखेल स्थित मोडेल हाउस भवनको भाडाका विषयमा टेण्डर संझौतामा उल्लेखित क्षेत्रफल कटौती गरीपाऊं भनी परेको सन्चालकको निवेदन उपर छलफल गर्दा यस विषयहरुमा थप अध्ययन तथा छलफल गर्न आवश्यक भएकोले यि दुवै विषयमा आवश्यक निर्णय गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने प्रस्ताव पारित भयो ।

**निर्णय नं. ५,**

ललितपुर महानगरपालिकाको स्वामित्वमा रहेका पसल कवलहरु, भवन, पर्ति जग्गा, शौचालय तथा अन्य व्यवसाय सञ्चालकहरुसंग बोलपत्रको माध्यमवाट स्वीकृत भाडा दरमा महानगरपालिका र व्यवसायीहरु विच भएको संझौतामा उल्लेखित बार्षिक भाडा बृद्धिदर सम्बन्धमा आ.ब.२०७८/७९ मा कायम भएको भाडादरमा आ.ब.२०७९/८० देखि तरकारी तथा फलफूल बजारका पसल कवलहरुको हकमा बार्षिक १० प्रतिशत र अन्य पसल कवलहरुको हकमा बार्षिक ५ प्रतिशतका दरले बार्षिक भाडा बृद्धि गरी भाडा असुल गर्ने प्रस्ताव पारित भयो ।

**निर्णय नं. ६**

नगरसभाको आगामी बैठक २०७९ असार २१ गते मंगलबार विहान ८:०० बजेका लागि आव्हान गर्दै आजको बैठक स्थगित भयो ।

प्रतिलिपि पुष्टि

(२०७९ आषाढ ३०)

निर्णय नं. ७,

आज मिति २०७९ असार ३० गते कार्यवाहक प्रमुख श्री मञ्जली शाक्य बज्राचार्यज्यूको अध्यक्षतामा बसेको नगरसभाको तेस्रो बैठकमा कार्यसूचीको रुपमा रहेको आगामी आर्थिक वर्ष २०७९/०८० को वजेट तथा कार्यक्रम सहितको विनियोजन विधेयक माथि छलफल भयो । नगरकार्यपालिका वैठकवाट स्वीकृत भई नगरसभा समक्ष पेश भएको वजेट तथा कार्यक्रम माथिको छलफलका क्रममा नगरसभा सदस्यहरुवाट आफ्नो मन्तव्य राख्दै बजेटको सिमा र योजनाहरुको छनौटका विषयमा अध्ययनका लागि समय माग भएको हुँदा आगामी नगरसभा बैठक २०७९ असार ३१ गते शुक्रबार विहान ११:०० बजेका लागि आव्हान गरी बैठक स्थगित भयो ।

(२०७९ आषाढ ३१)

निर्णय नं. ८,

आज मिति २०७९ असार ३१ गते कार्यवाहक प्रमुख श्री मञ्जली शाक्य बज्राचार्यज्यूको अध्यक्षतामा बसेको नगरसभाको चौथो बैठकमा कार्यसूचीको रुपमा रहेको आगामी आर्थिक वर्ष २०७९/०८० को वजेट तथा कार्यक्रम सहितको विनियोजन विधेयक माथि पाँच जना नगरसभा सदस्यहरुले आफ्नो धारणा राख्नु भयो । पेश भएको वजेट तथा कार्यक्रम पारित गरियोस् भनि सभाध्यक्षज्यूले राख्नु भएको प्रस्तावमा सदस्यहरुको समर्थन पश्चात तपसिल बमोजिमको वजेट तथा कार्यक्रम पारित भयो ।

निर्णय नं. ९,

आगामि आर्थिक वर्ष २०७९/०८० को लागि नगरकार्यपालिका वैठकवाट स्वीकृत भई नगरसभामा प्रस्तुत भएको विनियोजन विधेयक, २०७९ माथि व्यापक छलफल भयो । छलफल पश्चात देहाय बमोजिमको ललितपुर महानगरपालिकाको विनियोजन विधेयक, २०७९ पारित भयो ।

निर्णय नं. १०,

यस महानगरपालिका प्रमुख श्री चिरीबाबु महर्जनज्यूलाई कोरोना संक्रमण भई स्वास्थ्य उपचारमा रहनु भएकोमा आजको नगरसभा वैठक प्रमुखज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गरी थप कार्यसूचीमा प्रवेश भयो । वडा स्तरीय योजनाहरु वडा तहमा छलफल गरी छनौट भई सिफारीस सहित पेश भएका र नगरगौरबका योजनाहरु प्रमुखज्यूवाट नै पेश हुन पर्ने, स्थानीय तहको दोस्रो निर्वाचन पश्चात निर्वाचित कतिपय नयाँ जनप्रतिनिधीहरु लाई नगरस्तरीय योजना प्राथमिकिकरणमा अन्योलता सृजना भएको, नगरस्तरीय योजना र केहि विषयक्षेत्रगत योजनाहरु अन्तरसम्बन्धित समेत रहने हुँदा विषयगत समिति तर्फका योजना, नगर स्तरिय योजना तथा प्रमुखज्यूवाट पेश हुने नगर गौरबका योजनाहरु प्रमुखज्यूको उपस्थितीमा तय गर्न पर्ने देखिएकोले तोकिएको बजेट सिमाभित्र रही विषयगत समिति तर्फका योजनाहरु र नगर स्तरिय योजनाहरुको अन्तिम टुङगो लगाउन आगामी नगरकार्यपालिका बैठकलाई अधिकार प्रत्यायोजन गर्ने र प्रमुखज्यूवाट नगर गौरबका योजनाहरु समेत सोही कार्यपालिका बैठकमा जानकारीका लागि पेश हुने गरी विनियोजन ऐनको अंगको रुपमा पेश हुन आएका अन्य देहाय बमोजिमका वडा स्तरीय योजना तथा कार्यक्रम पारित भयो ।

निर्णय नं.११ ,

नगरसभावाट गठन हुने समितिहरु (न्यायिक समिति, लेखा समिति, विकास तथा सुशासन समिति, विधायन समिति) का संयोजक तथा सदस्यहरु चयनका सम्बन्धमा छलफल हुंदा तपसिल बमोजिमका समितिहरुमा तपसिल बमोजिमका संयोजक तथा सदस्यहरु चयन गर्ने प्रस्ताव पारित भयो ।

न्यायिक समिति

| क.सं. | नाम थर | पद | ठेगाना तथा वडा |
|---|---|---|---|
| १ | मञ्जली शाक्य बज्राचार्य | संयोजक | उपप्रमुख महानगरपालिका |
| २ | प्रदिप डंगोल | सदस्य | वडा नं २१ |
| ३ | सरस्वती जोशी थापा | सदस्य | वडा नं.१३ |

लेखा समिति

| क.सं. | नाम थर | पद | ठेगाना तथा वडा |
|---|---|---|---|
| १ | सरिता महर्जन | संयोजक | वडा नं १२ |
| २ | रुपेश थापा | सदस्य | वडा नं ३ |
| ३ | अनुप घिमिरे | सदस्य | वडा नं.१५ |

विकास तथा सुशासन समिति

| क.सं. | नाम थर | पद | ठेगाना तथा वडा |
|---|---|---|---|
| १ | निरोज महर्जन | संयोजक | वडा नं २७ |
| २ | अलिसा डंगोल | सदस्य | वडा नं २ |
| ३ | श्रद्धा थापा मगर | सदस्य | वडा नं.४ |
| | | | |

विधायन समिति

| क.सं. | नाम थर | पद | ठेगाना तथा वडा |
|---|---|---|---|
| १ | अमिर महर्जन | संयोजक | वडा नं ९ |
| २ | बैकुण्ठ राउत | सदस्य | वडा नं १५ |
| ३ | सुरेश महर्जन | सदस्य | वडा नं. २६ |

निर्णय नं. १२,

चालु आर्थिक बर्ष २०७८/०७९ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रममा विनियोजित बजेट रकम न्यून भएको हुँदा निम्न शिर्षकहरुमा बचत हुने रकम आर्थिक कार्यविधी तथा बित्तीय उतरदायीत्व ऐन २०७६ को दफा २० मा व्यवस्था भए बमोजिम निम्नानुसारको चालु खर्च तथा पूँजिगत खर्च शिर्षकमा रकमान्तर तथा श्रोतान्तर हुन भनि कार्यपालिका बैठकवाट सिफारिस भई आएका तपसिलका बजेट शिर्षकमा विनियोजित बजेट भन्दा बढी खर्च भएको तथा कतिपय बजेट शिर्षकमा नपूग हुन जाने देखिंदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै एक खर्च शिर्षकवाट अर्को खर्च शिर्षकमा रकमान्तर गर्न सक्ने प्रावधान रहेकोमा तपसिलमा उल्लेख भएको शिर्षकहरुमा रकमान्तर गर्नु पर्ने देखिएको हुँदा देहाय बमोजिमको रकमान्तर तथा श्रोतान्तरका लागि पेश भएको बजेट नगरसभावाट पारित भयो ।

# ललितपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, ललितपुर

## आ.व. २०७८/७९ को ललितपुर महानगरपालिका चालु बजेट कार्यक्रम संशोधन तथा रकमान्तर

**घटाउने**

| सिन | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | भुक्तानि बिधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३३४२०११ ०१ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २१२१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५०००००० | |
| २ | ८०३३४२०११ ०१ | १० दिने काज सहित भ्रमण खर्च कर्मचारी | २२५२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ९५००००० | |
| ३ | ८०३३४२०११ ०१ | स्वदेश भ्रमण भत्ता पदाधिकारी | २२६११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ३०००००० | |
| ४ | ८०३३४२०११ ०१ | विदेश भ्रमण भत्ता पदाधिकारी | २२६११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ८०००००० | |
| | | | जम्मा | | | | | २५५००००० | |

**बढाउने**

| सिन | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | भुक्तानि बिधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३३४२०११ ०१ | सवारी इन्धन कर्मचारी कार्यालय सवारी साधन (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २०००००० | |
| २ | ८०३३४२०११ ०१ | परिषद सञ्चालन खर्च | २२७२१ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १५००००० | |
| ३ | ८०३३४२०११ ०१ | विविध खर्च अतिथि चाडपर्व पुजा गोष्ठी सेमिनार | २२७११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ३०००००० | |
| ४ | ८०३३४२०११ ०१ | इन्धन सफाइ गाडी दमकल शववाहन समेत (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५०००००० | |
| ५ | ८०३३४२०११ ०१ | सुचना तथा प्रकाशन खर्च | २२३१५ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५००००० | |

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ८०३३४२०११ ०१ | सवारी साधन मर्मत खर्च तथा अन्य मर्मत र मर्मत सम्भार कोष समेत | २२२१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १०००००० | |
| ७ | ८०३३४२०११ ०१ | विज्ञापन | २२३१५ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १०००००० | |
| ८ | ८०३३४२०११ ०१ | अन्य भत्ता | २११३९ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २०००००० | |
| ९ | ८०३३४२०११ ०१ | सफाइ गाडी दमकल एम्बुलेन्स शववाहन आदी मर्मत खर्च | २२२१३ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २०००००० | |
| १० | ८०३३४२०११ ०१ | अन्य भाडा | २८१४९ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | २५००००० | |
| ११ | ८०३३४२०११ ०१ | कार्यालय सामग्री | २२३११ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५०००००० | |
| | | | | | | | जम्मा | २५५००००० | |
| | | | | | | | | अक्षरेपी रुपया दुइ करोड पचपन्न लाख मात्र | |

ललितपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, ललितपुर

आ.व. २०७८/७९ को ललितपुर महानगरपालिका पुजिगत बजेट कार्यक्रम संशोधन तथा रकमान्तर

घटाउने

| सिन | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | भुक्तानि बिधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ८०३३४२०११०१ | शहरी सडक नेपाल सरकार पियुआर पि पि पि आइडी सडक बोर्ड म्याचिङ फण्ड समेत | ३११५९ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १०००००००० | |
| | | | जम्मा | | | | | १०००००००० | |

बढाउने

| सिन | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समुह | बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | भुक्तानि बिधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३३४२०११०१ | मेशिनरी तथा औजार अफिसियल अटोमेसन | ३११२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ४०००००० | |
| २ | ८०३३४२०११०१ | अधुरो योजना तथा कार्यक्रम | ३११५९ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ९६०००००० | |
| | | | जम्मा | | | | | १०००००००० | |
| | | | अक्षरेपी रुपया दश करोड मात्र । | | | | | | |

प्रतिलिपि प्रमाणित

निर्णय नं १३,

महालेखा परिक्षक कार्यालयवाट आर्थिक वर्ष २०७३।७४ २०७४।७५ २०७५।७६ तथा २०७६।७७ को अन्तिम लेखा परीक्षण हुंदा कायम गरेको विभिन्न बेरुजुहरु मध्ये कार्यालयले खर्च गर्दा सरकारलाइ कुनै हानी नोक्सानी तथा हिनामिना नभएको , तोकिएको कार्य सम्पन्न भएको तर स्थानीय तहमा सम्वन्धित ऐन नियम, मार्गदर्शन तथा खर्चको मापदण्ड समय मै बन्न नसकेको कारणवाट अनियमित भनी कायम रहन गएको बेरुजु रकम आ व २०७३।७४ को ३,०७,५०,५९०।७४ , आ व २०७४।७५ ,को रु २,०३,२७,४४९।९१ , आ व २०७५।७६ को रु ९,७०,८३,८४७।२० तथा आ व २०७६।७७ को १५,३९,२६,६३६।६० गरी जम्मा रु ३०,२०,८८,५२४।४५ (तीस करोड, बीस लाख,अठासी हजार, पांच सय चौविस रुपैया पैतालीस पैसा) नियमित गरियोस भनी सभाध्यक्षज्यूले राख्नु भएको प्रस्ताव नगरसभावाट पारित भयो ।

निर्णय नं. १४,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८५ (१) मा स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको सोही ऐनको दफा ८५ (३) ले यो ऐन प्रारम्भ भएका बखत स्थानीय तहमा कार्यरत स्थाई कर्मचारीहरु सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिनेछ भन्ने कानुनी व्यवस्था रहेको, संघीय कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ (४) मा साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पत्र पाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समायोजन भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनु पर्ने भन्ने व्यवस्था भएको, संघीय कानुनले तोकेको प्रकृया पुरा गरी समायोजन गर्दा निजामती कर्मचारीलाई २ तहसम्म तहवृद्धि गरी समायोजन गर्दा साविक स्थानीय निकायमा कार्यरत स्थाई कर्मचारीहरुको मनोबल गिर्नका साथै कर्मचारीलाई अन्याय पर्न जाने देखिदा महानगरपालिकाले उक्त कानुनी व्यवस्थाको आधारमा साविकको स्थानीय निकाय (ललितपुर महानगरपालिका)मा स्थायी नियुक्ति पाई निरन्तर रुपमा कार्यरत कर्मचारीलाई समायोजन ऐन, २०७५ ले तोकेको प्रकृया मापदण्डलाई आधार मानी नगरकार्यपालिकाको मिति २०७५/१०/२२ को बैठकबाट उक्त मापदण्ड तयार गरी सो मापदण्डका आधारमा मिति २०७५/११/१० को महानगरपालिका नगर कार्यपालिकाले गरेको निर्णय र मिति २०७५/११/२९ को नगरसभाबाट अनुमोदन गर्ने निर्णय बमोजिम स्वीकृत मापदण्डको आधारमा समायोजन गरी पदस्थापन गरिएको हो । यसरी तत्काल प्रचलित कानुन बमोजिम समायोजन पदस्थापना गर्ने निर्णय गरी कार्यान्वयन गर्दा प्रदेश लोक सेवा ऐन जारी नभएको र प्रदेश लोकसेवा आयोग ऐन, २०७६ असोज २८ गते जारी भई सोही मितिबाट लागु भएको व्यवस्था "प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को १ (२)मा यो ऐन तुरुन्त प्रारम्भ हुने छ भन्ने व्यवस्था" भएबाट पुष्टि हुन्छ । कानुन व्याख्या सम्वन्धी ऐन, २०१० को ३ ऐनहरु लागु हुने बारेको (च) मा संवत् २०७२ साल असोज ३ गते देखि बनेको ऐनको हकमा नेपाल संविधानको धारा २९६ को उपधारा १ बमोजिमको व्यवस्थापिका संसद वा नेपालको संविधानको धारा ८३ बमोजिमको संघीय संसदबाट पारित भई राष्ट्रपतिले प्रमाणिकरण गरेको दिनदेखि लागु हुने तर नेपाल राजपत्रमा त्यस्तो ऐन प्रकाशन हुनु अगावै गरीसकेको वा नगरेको कुनै दण्डनीय कुराको हकमा त्यस्तो ऐन बमोजिम दण्ड सजाय हुदैन भन्ने व्यवस्था भएको

प्रतिलिपि प्रमाणित

सम्मानित सर्वोच्च अदालतको निर्णय नं. २०७३-WO-००२४ निवेदक रघुनन्दन मारु विरुद्ध नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय भएको उत्प्रेषण परमादेश मुद्दामा जुनसुकै विषय एवं कानुनले आफ्नो उत्पत्ति नभएको समयको काम कारवाहीलाई नियमन गर्न नसक्ने हुँदा अधिकार प्राप्त निकाय एवं अधिकारीबाट कानुन सम्मत रुपमा भएका निर्णयहरु पनि निर्णय मिति भन्दा अगाडि देखि प्रभावकारी हुन नसक्ने भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

उपरोक्त आधार प्रमाण र सम्मानित सर्वोच्च अदालतको नजिर समेतबाट प्रदेश लोकसेवा आयोग ऐन, २०७६ मिति २०७६/६/२८ मा जारी हुनु पूर्व स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८५ (१) (३) समायोजन ऐन, २०७५ को दफा ६ (४) बमोजिम समायोजन ऐनले तोकेको मापदण्डको आधारमा ललितपुर महानगरपालिका नगर कार्यपालिका र नगर सभाको निर्णय बमोजिम साविक स्थानीय निकायमा स्थाई नियुक्ति पाई कार्यरत कर्मचारीहरुलाई कानुन बमोजिम स्थानीय तहमा समायोजन र पदस्थापनको कार्य कानुन सम्मत भएको धारणा वागमती प्रदेश लोक सेवा आयोगमा पठाउने प्रस्ताव पारित भयो ।

निर्णय नं. १५,

साविक स्थानीय निकायमा तात्कालिन ऐन कानून बमोजिम नियुक्त भई हाल सम्म अविछिन्न रुपमा कार्यरत रहि ललितपुर महानगरपालिकाको दरबन्दीमा पद कायम रहेका तपसिलका कर्मचारीहरु स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले स्थानीय निकायहरुलाई स्वायत्त निकायको रुपमा अधिकार प्रदान गरेको अवश्थामा सोही बमोजिम ती कर्मचारीहरु छनौट तथा नियुक्त भई हालसम्म कार्यरत रहेका छन् । मिति २०६९ फाल्गुण २८ मा भएको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को (पाँचौ संशोधन) दफा २१३ (क) ले साविक स्थानीय निकाय (स्थानीय विकास कोष समेत) को स्वीकृत दरबन्दीमा २०६४ असोज मसान्तसम्म नियुक्त भई अविछिन्न रुपमा कार्यरत रहेका अस्थायी तथा करारका कर्मचारीहरुका लागि एक पटक सिमित प्रतिस्पर्धावाट स्थायी हुने व्यवस्था गरेको र दफा २६९ (ग) ले त्यस्ता कर्मचारीहरुको अस्थायी तथा करार सेवा अवधि गणना गर्ने व्यवस्था गरेको ।

उपरोक्त व्यवस्था उपर सम्मानित सर्वोच्च अदालतमा रिट परेका कारण ०६९-WS- ००६१ को मुद्दामा मिति २०६९।१२।२६ र ०६९-WS-००६४ को मुद्दामा मिति २०६९।१२।३० मा अन्तरिम आदेश जारी भई पदपूर्ति प्रकृया अबरुद्ध भएको, सम्मानीत सर्वोच्च अदालतको संवैधानिक इजलासले मिति २०७४ साल पौष २१ गते भएको फैसलावाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थायी तथा सेवा अवधि गणनाको कारवाही गर्न सक्ने स्पष्ट उल्लेख गरी उक्त रिट खारेज गरेको ।

नेपाल सरकारले जारी गरेको नियमावली विरुद्ध रिट परेका कारण सम्मानित सर्वोच्च अदालतद्धारा अन्तरिम आदेश जारी गरी स्थायी पदपूर्ति प्रकृया अवरुद्ध हुन पुगेकोमा करिव ५ बर्ष पश्चात सम्मानित अदालतवाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था बमोजिम स्थायी पदपूर्ति तथा सेवा अवधी गणना गर्न सकिने गरी रिट खारेज गरेको । यस आधारमा ललितपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरुको रोजगारी तथा बृति विकासको संवैधानिक अधिकार संरक्षणका लागि मिति २०७५ माघ ७ गते बसेको नगरकार्यपालिकाको ५९औं बैठकले सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम स्थायी पदपूर्ति गर्नका निमित्त महानगरपालिकामा भएको साविकको पदपूर्ति समिति कियाशिल गराई पदपूर्ति प्रकृया अगाडी बढाउने

निर्णय गरे अनुरुप मिति २०७५ माघ २३ गते च.नं.४६०१ वाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पदपूर्ति समितिको सदस्य तोकी पठाइदिनका लागि अनुरोध भएको ।

मिति २०७५ फाल्गुण २९ गते बसेको तेस्रो नगरसभा बैठकवाट महानगरपालिकाको दरबन्दीमा कार्यरत अस्थायी/करार कर्मचारीहरुको स्थायी प्रकृया सर्वोच्च अदालतको मिति २०७४ पौष २१ गतेको फैसला बमोजिम अविलम्ब अगाडी बढाउने निर्णय भए पश्चात पदपूर्ति समितिका लागि प्रतिनिधी तोकि पठाइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुनः २०७६ असार १६ गते च.नं.८६६१ वाट अनुरोध भएको ।

मिति २०७७ असार ७ गते च.नं.७२४ वाट सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले सर्वोच्च अदालतको रिट नं. ०६९-WS-००६१ र ०६९-WS-००६४ फैसला कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बोधार्थ राखी जिल्ला समन्वय समिति धनकुटालाई निर्देशन गरेको ।

पदपूर्ति समिति गठन भएपश्चात उक्त समितिमा सदस्य तोकी पठाइदिने व्यहोरा सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय लोकसेवा आयोग तथा प्रदेश लोक सेवा आयोग समेतमा पटक पटक अनुरोध गरी पठाइएको ।

कानून बमोजिमको पदपूर्ति समितिमा प्रतिनिधित्व हुने निकायहरुले प्रतिनिधी नपठाएका कारण महानगरपालिकाको दरबन्दीमा कार्यरत अस्थायी/करार कर्मचारीहरु स्थानीय स्वायत्त शासन नियमावली (पाँचौ संशोधन), २०५६ ले दिएको अवसर तथा रोजगारीको संबैधानिक हकवाट बञ्चित भई बर्षौ व्यतित भईसकेको माथि उल्लेखित व्यहोराको विवरण वाट स्पष्ट छ । महानगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये केहि कर्मचारीको सेवा अवधि २० वर्ष भुक्तान भईसकेको र केहि कर्मचारीहरु उमेर हदका कारण अनिवार्य अवकाश पाई विना सुविधा सेवावाट वहिर्गमन हुनु पर्ने वाध्यात्मक अवस्था सृजना भएको ।

प्रस्तुत परिवेशमा सम्मानित सर्वोच्च अदालतको फैसलाको मर्मलाई आत्मसात गरी स्थानीय स्वायत्त शासन नियमावली अनुसार अस्थायी/करार कर्मचारीहरुको स्थायी हुन पाउने कानूनी अधिकार सम्बोधन हुन अति जरुरी देखिएको छ ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्नु संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको कर्तव्य भएकोले फैसलाको मर्म बमोजिम महानगरपालिकाको विधि निर्माण तह (नगरसभा) वाटै यस गम्भिर विषयको निरुपण हुन उपयुक्त हुने सुझाव सहितको पत्र पदपूर्ति समितिका अध्यक्षवाट ललितपुर महानगरपालिका प्रमुख समक्ष मिति २०७८ भाद्र १५ गते पेश भएको ।

माथिका सन्दर्भहरुलाई दृष्टिगत गर्दा- "हालसम्म प्रकृया प्रारम्भ गर्न पटक पटक पत्राचार हुँदा समेत संघीय तथा प्रदेश तहका सम्बन्धित निकायहरुले पदपूर्ति समितिका लागि प्रतिनिधी नतोकिदिएका कारण स्थानीय तहमा कार्यरत कर्मचारीहरु माथि अन्याय हुन पुगेको छ । कार्यरत कर्मचारी स्थानीय स्वायत्त शासन नियमावली २०५६ र सर्वोच्च अदालतको मिति २०७४ पौष २१ गतेको फैसला बमोजिम स्थायी हुने पर्खाइमा

प्रतिलिपि सक्कल बमोजिम

रहेकाहरु मध्ये केहि कर्मचारी अवकाश भएका छन् भने केहि कर्मचारी कोभिड संक्रमित भई मृत्युवरण समेत गरीसकेका छन् । अधिकांश कर्मचारीको सेवा अवधी (२० बर्ष) पुरा भई सकेको अवस्था छ ।

अत यसरी लामो समय स्थानीय तहमा सेवा गरेका कर्मचारीहरु लाई न्याय प्रदान गर्ने अन्य कुनै विकल्प बाँकी नरहेकोले सम्मानीत सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै मिति २०६४ असोज मसान्त भित्र सेवा प्रवेश गरी अविछिन्न रुपमा कार्यरत रहेका कर्मचारीहरु लाई स्थानीय स्वायत्त शासन नियमावलीमा भएको व्यवस्था तथा सम्मानीत सर्वोच्च अदालतको फैसलामा समेत उल्लेखित उक्त समयसिमा (२०६४ असोज मसान्त) भित्र स्थानीय निकायमा नियुक्त भई अविछिन्न रुपमा कार्यरत रही हाल ललितपुर महानगरपालिकाको दरबन्दिमा कार्यरत तपसिलका कर्मचारीहरुलाई स्थायी गर्न र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९(ग) को व्यवस्था बमोजिम सेवा अवधी गणना गर्न यो नगरसभाले नेपालको संविधानको अनुसूची ८ को ५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४को परिच्छेद ३, दफा ११ को उपदफा २ को (ङ) वमोजिमको अधिकार समेत प्रयोग गरी नगरसभावाट तपसिलका कर्मचारीहरुलाई स्थायी गर्ने तथा तपसिल वमोजिम सेवा अवधी गणना गर्ने र हाल अस्थायी कर्मचारीहरुले खाइपाई आएको ग्रेड समेत निरन्तर गर्ने प्रस्ताव पारित गर्ने निर्णय गर्दछ " ।

## तपसिल

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह | सेवा/समुह | शुरु नियुक्ति मिति | नियुक्ति किसिम |
|---|---|---|---|---|---|---|
| १ | सावित्री देवी ढुंगाना | सामाजिक परिचालक | पाँचौं तह | प्रशासन/सा.प्र. | २०५५/१२/१९ | अस्थायी |
| २ | साबित्री बजगाई | बचत तथा साख परिचालक | पाँचौं तह | प्रशासन/सा.प्र. | २०५७/०३/०१ | अस्थायी |
| ३ | सीमु श्रेष्ठ | सामाजिक परिचालक | पाँचौं तह | प्रशासन/सा.प्र. | २०५७/०३/०१ | अस्थायी |
| ४ | सिता देवी भण्डारी | सामाजिक परिचालक | पाँचौं तह | प्रशासन/सा.प्र. | २०५७/०३/०१ | अस्थायी |
| ५ | विश्वेश्वर कोइराला | बरिष्ठ सामाजिक परिचालक | अधिकृत स्तर, छैठौं तह | प्रशासन/सा.प्र. | २०५९/०२/०१ | अस्थायी |
| ६ | जनक राज श्रेष्ठ | सवारी चालक | तह विहिन | प्राविधिक | २०६०/०१/०७ | करार |
| ७ | राजु सिल्वाल | नगर प्रहरी | द्धितीय तह | | २०६०/०१/१० | करार |
| ८ | अशोक रिजाल | सहायक स्तर | चौथो तह | प्रशासन/सा.प्र. | २०६०/०५/०१ | करार |
| ९ | सानु मैंया डंगोल | अ.न.मी. | चौथो | स्वास्थ्य | २०६०/०५/०१ | करार |

प्रतिलिपि प्रमाणित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | गंगा लामा | अ.न.मी. | चौथो | स्वास्थ्य | २०६०/०५/०१ | करार |
| ११ | सरिता अवाले | कम्प्यूटर अपरेटर | पाँचौं तह | प्राविधिक | २०६०/०५/१५ | करार |
| १२ | श्रीकृष्ण पाण्डे | सहायक | चौथो तह | प्रशासन/सा.प्र. | २०६०/०५/१५ | करार |
| १३ | बद्री प्रसाद रिमाल | सहायक | चौथो तह | प्रशासन/सा.प्र. | २०६०/०५/१५ | करार |
| १४ | सिता महर्जन | रिसेप्सनिष्ट | चौथो तह | विविध | २०६०/०५/२५ | करार |
| १५ | ज्योत्स्ना अधिकारी | रिसेप्सनिष्ट | चौथो तह | विविध | २०६०/०५/२५ | करार |
| १६ | भिमसेन के.सी. | अमिन चौथो | चौथो तह | प्राविधिक | २०६०/०५/२६ | करार |
| १७ | कयो महर्जन | सफाइकर्मी | तह विहिन | | २०६०/०५/२६ | करार |
| १८ | सबिना बज्राचार्य | सह लेखापाल | चौथो तह | प्रशासन/लेखा | २०६०/०७/१३ | करार |
| १९ | रोशनी महर्जन | सहायक | चौथो | प्रशासन/सा.प्र. | २०६०/०७/१३ | करार |
| २० | हरिकृष्ण महर्जन | सवारी चालक | तह विहिन | | २०६०/०८/१६ | करार |
| २१ | शुभ महर्जन | सवारी चालक | तह विहिन | | २०६०/०८/१७ | करार |
| २२ | प्रविण धाख्वा | आर्किटेक ईन्जिनियर | छैठौं तह | प्राविधिक | २०६०/०८/१८ | करार |
| २३ | सैनिक राज सिं | सिभिल ईन्जिनियर | छैठौं तह | प्राविधिक | २०६०/०८/१८ | करार |
| २४ | सरि डंगोल | सामुदायिक स्वास्थ्य कार्यकर्ता | तेस्रो तह | स्वास्थ्य | २०६०/०८/१८ | करार |
| २५ | सिता श्रेष्ठ | अ.न.मी. | चौथो तह | स्वास्थ्य | २०६०/०९/०१ | करार |
| २६ | मुना लक्ष्मी श्रेष्ठ | अ.न.मी. | चौथो तह | स्वास्थ्य | २०६०/०९/०१ | करार |
| २७ | बाल कृष्ण महर्जन | माली | तह विहिन | | २०६०/०९/०१ | करार |
| २८ | प्रदिप अमात्य | वातावरण ईन्जिनियर | छैठौं तह | प्राविधिक | २०६०/०९/२१ | करार |
| २९ | सजिता अवाले | टेलिफोन अपरेटर | चौथो तह | विविध | २०६०/०९/२१ | करार |
| ३० | कृष्ण महर्जन | हेल्पर | तह विहिन | | २०६०/०९/२१ | करार |
| ३१ | किशोर प्रधान नापित | हेल्पर | तह विहिन | | २०६०/०९/२१ | करार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | भाई कृष्ण पहरी | हेल्पर | तह विहिन | | २०६०/०९/२१ | करार |
| ३३ | राम कृष्ण खत्री | कार्यालय सहयोगी | तह विहिन | | २०६०/१०/०१ | करार |
| ३४ | जानुका श्रेष्ठ | सहायक | पाचौं तह | प्रशासन/सा.प्र. | २०६०/११/०४ | करार |
| ३५ | हरी महर्जन | मेकानिक | तह विहिन | | २०६०/११/११ | करार |
| ३६ | शोभा शाक्य | कार्यालय सहयोगी | तह विहिन | | २०६०/१२/०२ | करार |
| ३७ | राजकुमार ठकुरी | किलन्डर | तह विहिन | | २०६१/०४/११ | करार |
| ३८ | धन बहादुर कार्की | असिष्टेण्ट सब ईन्जिनियर | चौथो तह | प्राविधिक | २०६२/०४/०१ | करार |
| ३९ | दिलकुमार महर्जन | सहायक | तेस्रो तह | | २०६२/०८/०१ | करार |
| ४० | गंगालाल डंगोल | सहायक | चौथो तह | प्रशासन/सा.प्र. | २०६२/०९/२५ | करार |
| ४१ | कृष्ण गोपाल महर्जन | कार्यालय सहयोगी | तह विहिन | | २०६४/०५/२१ | करार |

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६९ (ग) बमोजिम सेवा अवधी गणना ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह | शुरु नियुक्ति मिति | सेवा अवधी (बर्ष) | गणना प्रतिशत | सेवा अवधी गणना भएको बर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | सावित्री देवी ढुंगाना | सामाजिक परिचालक | पाँचौं तह | २०५५/१२/१९ | २३.३ | ७५ | १७.४ |
| २ | साबित्री बजगाई | बचत तथा साख परिचालक | पाँचौं तह | २०५७/०३/०१ | २२.१ | ७५ | १६.५ |
| ३ | सीमु श्रेष्ठ | सामाजिक परिचालक | पाँचौं तह | २०५७/०३/०१ | २२.१ | ७५ | १६.५ |
| ४ | सिता देवी भण्डारी | सामाजिक परिचालक | पाँचौं तह | २०५७/०३/०१ | २२.१ | ७५ | १६.५ |
| ५ | विश्वेश्वर कोइराला | बरिष्ठ सामाजिक परिचालक | अधिकृत स्तर, छैठौं तह | २०५९/०२/०१ | २०.२ | ६६ | १३.३ |
| ६ | जनक राज श्रेष्ठ | सवारी चालक | तह विहिन | २०६०/०१/०७ | १९.२ | ७५ | १४.४ |
| ७ | राजु सिल्वाल | नगर प्रहरी | द्धितीय तह | २०६०/०१/१० | १९.२ | ७५ | १४.४ |
| ८ | अशोक रिजाल | सहायक स्तर | चौथो तह | २०६०/०५/०१ | १८.१० | ७५ | १३.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | सानु मैंया डंगोल | अ.न.मी. | चौथो | २०६०/०५/०१ | १८.१० | ७५ | १३.५ |
| १० | गंगा लामा | अ.न.मी. | चौथो | २०६०/०५/०१ | १८.१० | ७५ | १३.५ |
| ११ | सरिता अवाले | कम्प्यूटर अपरेटर | पाँचौं तह | २०६०/०५/१५ | १८.१० | ७५ | १३.५ |
| १२ | श्रीकृष्ण पाण्डे | सहायक | चौथो तह | २०६०/०५/१५ | १८.१० | ७५ | १३.५ |
| १३ | बद्री प्रसाद रिमाल | सहायक | चौथो तह | २०६०/०५/१५ | १८.१० | ७५ | १३.५ |
| १४ | सिता महर्जन | रिसेप्सनिष्ट | चौथो तह | २०६०/०५/२५ | १८.१० | ७५ | १३.५ |
| १५ | ज्योत्स्ना अधिकारी | रिसेप्सनिष्ट | चौथो तह | २०६०/०५/२५ | १८.१० | ७५ | १३.५ |
| १६ | भिमसेन के.सी. | अमिन चौथो | चौथो तह | २०६०/०५/२६ | १८.१० | ७५ | १३.५ |
| १७ | कयो महर्जन | सफाइकर्मी | तह विहिन | २०६०/०५/२६ | १८.१० | ७५ | १३.५ |
| १८ | सबिना बज्राचार्य | सह लेखापाल | चौथो तह | २०६०/०७/१३ | १८.८ | ७५ | १३.५ |
| १९ | रोशनी महर्जन | सहायक | चौथो | २०६०/०७/१३ | १८.८ | ७५ | १३.५ |
| २० | हरिकृष्ण महर्जन | सवारी चालक | तह विहिन | २०६०/०८/१६ | १८.७ | ७५ | १३.५ |
| २१ | शुभ महर्जन | सवारी चालक | तह विहिन | २०६०/०८/१७ | १८.७ | ७५ | १३.५ |
| २२ | प्रविण धाख्वा | आर्किटेक ईन्जिनियर | छैठौं तह | २०६०/०८/१८ | १८.७ | ६६ | ११.९ |
| २३ | सैनिक राज सिं | सिभिल ईन्जिनियर | छैठौं तह | २०६०/०८/१८ | १८.७ | ६६ | ११.९ |
| २४ | सरि डंगोल | सामुदायिक स्वास्थ्य कार्यकर्ता | तेस्रो तह | २०६०/०८/१८ | १८.७ | ७५ | १३.५ |
| २५ | सिता श्रेष्ठ | अ.न.मी. | चौथो तह | २०६०/०९/०१ | १८.६ | ७५ | १३.५ |
| २६ | मुना लक्ष्मी श्रेष्ठ | अ.न.मी. | चौथो तह | २०६०/०९/०१ | १८.६ | ७५ | १३.५ |
| २७ | बाल कृष्ण महर्जन | माली | तह विहिन | २०६०/०९/०१ | १८.६ | ७५ | १३.५ |
| २८ | प्रदिप अमात्य | वातावरण ईन्जिनियर | छैठौं तह | २०६०/०९/२१ | १८.६ | ६६ | ११.९ |
| २९ | सजिता अवाले | टेलिफोन अपरेटर | चौथो तह | २०६०/०९/२१ | १८.६ | ७५ | १३.५ |
| ३० | कृष्ण महर्जन | हेल्पर | तह विहिन | २०६०/०९/२१ | १८.६ | ७५ | १३.५ |



प्रतिलिपि प्रमाणित

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | किशोर प्रधान नापित | हेल्पर | तह विहिन | २०६०/०९/२१ | १८.६ | ७५ | १३.५ |
| ३२ | भाई कृष्ण पहरी | हेल्पर | तह विहिन | २०६०/०९/२१ | १८.६ | ७५ | १३.५ |
| ३३ | राम कृष्ण खत्री | कार्यालय सहयोगी | तह विहिन | २०६०/१०/०१ | १८.५ | ७५ | १३.५ |
| ३४ | जानुका श्रेष्ठ | सहायक | पाचौं तह | २०६०/११/०४ | १८.४ | ७५ | १३.५ |
| ३५ | हरी महर्जन | मेकानिक | तह विहिन | २०६०/११/११ | १८.४ | ७५ | १३.५ |
| ३६ | शोभा शाक्य | कार्यालय सहयोगी | तह विहिन | २०६०/१२/०२ | १८.३ | ७५ | १३.५ |
| ३७ | राजकुमार ठकुरी | किलन्डर | तह विहिन | २०६१/०४/११ | १७.११ | ७५ | १२.८ |
| ३८ | धन बहादुर कार्की | असिष्टेण्ट सव ईन्जिनियर | चौथो तह | २०६२/०४/०१ | १६.११ | ७५ | १२ |
| ३९ | दिलकुमार महर्जन | सहायक | तेस्रो तह | २०६२/०८/०१ | १६.७ | ७५ | १२ |
| ४० | गंगालाल डंगोल | सहायक | चौथो तह | २०६२/०९/२५ | १६.६ | ७५ | १२ |
| ४१ | कृष्ण गोपाल महर्जन | कार्यालय सहयोगी | तह विहिन | २०६४/०५/२१ | १४.१० | ७५ | १०.५ |

निर्णय नं. १६,

यस ललितपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई नगर सभाको तयारीका लागि कार्यालय समयका अतिरिक्त बिहान, वेलुकी र सार्वजनिक बिदाका दिनमा समेत काम काजमा खटाइएको हुँदा विधिवत रुपमा स्थानीय तहको योजना तर्जुमाको गृहकार्य प्रकृया प्रारम्भ हुने समय (फाल्गुण महिना) देखि महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई शुरु तलव स्केलको आधा महिना वरावरको रकम प्रोत्साहन स्वरुप महानगरपालिकाको आन्तरिक श्रोतवाट उपलव्ध गराउने निर्णय भयो ।

निर्णय नं. १७,

चालु आ.ब.को लागि स्वीकृत वडा स्तरीय योजना र नगरस्तरीय गौरव कार्यक्रमहरु मध्ये कतिपय योजनाहरुको चुनावी बर्ष भएका कारण समयमै संझौता गरी कार्य सुरुवात गर्न सम्भव नभएको र यसै विषयमा महालेखा परिक्षकको कार्यालयवाट जेष्ठ मसान्त पश्चात योजना संझौता नगर्न/नगराउन निर्देशन गरेको सन्दर्भमा ती योजनाहरु सम्पन्न गर्न कठिनाई उत्पन्न भएको छ । तसर्थ वडा तहका लागि महत्वपूर्ण मानिएका वडा स्तरीय योजना र नगरस्तरीय गौरव कार्यक्रमहरुको निरन्तरतालाई सुनिश्चित गर्नका लागि संझौता गर्न बांकी योजनाहरु स्वीकृत बजेट सहित आगामी आ.ब.०७९/८० का लागि कायम गर्दै नगद मौजुदात शिर्षकबाट खर्च व्यहोर्ने गरी कार्यान्वयन गर्ने निर्णय भयो ।

प्रतिलिपि प्रमाणित

निर्णय नं. १८,

नगर सभाको टिपोटका आधारमा नीति तथा कार्यक्रमहरु रुजु गर्न नगर सभासदहरु श्री सानु महर्जन अवाले, वडा नं. ९, श्री कृष्णहरी थापा, वडा नं. ४ र श्री हेलेन शोभा महर्जन, वडा नं. २१ रहने प्रस्ताव पारित भयो ।

निर्णय नं. १९,

नगर सभा बैठक सम्पन्न भएकोमा कार्यपालिकाका सदस्यहरु (श्री श्रीगोपाल महर्जन वडा अध्यक्ष वडा नं. ३, श्री रवीन्द्र महर्जन वडा अध्यक्ष वडा नं. २१, श्री राजु महर्जन वडा अध्यक्ष वडा नं. ९ र नगर सभा सदस्य श्री हेलेन शोभा महर्जन, वडा नं. २१) को समापन मन्तव्य पश्चात सभाध्यक्षज्यूवाट नगर सभा बैठक सफल पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संपूर्ण नगरसभा सदस्यज्यूहरु, महानगरपालिकाका कर्मचारीहरु, सुरक्षा कर्मीहरु, पत्रकारहरु तथा अन्य सरोकारवालाहरुमा धन्यवाद व्यक्त गर्दै धन्यवाद प्रस्ताव पारित भयो ।

निर्णय नं. २०,

सभाध्यक्षज्यूवाट आगामि आर्थिक वर्ष २०७९/०८० लाई सुशासन वर्षको रुपमा मनाउने, वार्षिक नगर विकास योजना पुस्तिका तत्कालै प्रकाशन गर्ने र पारीत भएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता सहित स्थानीय तहको दोस्रो निर्वाचन पछिको पहिलो नगरसभा समापन भएको घोषणा गर्नु भयो ।

प्रतिलिपि प्रमाणित